# लैङ्गिक सम्पर्क व्यक्तिहरुका लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त

# (Terms of Reference-TOR)

## १. पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक लगायतका हकलाई महिलाको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । साथै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसाजन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था समेत गरेको छ ।

नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अभिसन्धि तथा इच्छाधीन आलेखमा हस्ताक्षर गरी प्रतिवद्धता जनाएको छ। संयुक्त राष्ट्रसंघबाट सन् २०३० सम्मका लागि तय भएको दिगो विकासका लक्ष्यहरूको लक्ष्य नं. ५ अन्तर्गत लैङ्गिक समानता तथा बालिका सशक्तीकरणका लक्ष्य प्राप्तिका लागि विभिन्न सूचकहरू निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम उल्लेखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू कार्यान्वयन गर्ने तथा महिला सशक्तिकरण र लैङ्गिक समानताका विषय क्षेत्र हेर्ने कार्य जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको छ भने यस्ता विषय कार्यान्वयमा प्रत्यक्ष र

परोक्ष रूपमा अन्य सबै निकायहरूको समान भूमिका रहने गर्दछ।

यस पृष्ठभूमिमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सबै निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरी उनीहरूलाई छलफल, अन्तरक्रिया र अभिमुखिकरणको माध्यमबाट सशक्त बनाई ती निकायहरूमा लैङ्गिक विषयलाई मूलप्रवाहीकरण गर्दै आएको छ। संघीय संरचना अनुरूप राज्यको सबै तहमा लैङ्गिक विषयलाई व्यवस्थित ढङ्गले संस्थागत गर्दै, व्यक्ति, परिवार र समुदायलाई समेत जिम्मेवार बनाई लैङ्गिक समानतायुक्त राष्ट्र निर्माणको सोच प्राप्त गर्न संघीय मन्त्रालय र निकायहरूमा रहेका लैङ्गिक सम्पर्क व्यक्तिहरू (Gender Focal Persons) को लागि क्षेत्रगत कार्यशर्त (TOR) स्वीकृत गरी लागू गरिएको छ ।

## २. वर्तमान अवस्थाः

वि.सं. २०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालय स्थापना भए पश्चात यस मन्त्रालय लैङ्गिक विषयमा विभिन्न निकायहरूको सम्पर्क निकाय (Focal Agency) को रूपमा रहेको छ । सम्बन्धित निकायहरू (मन्त्रालय, विभाग, कार्यालय, आयोजना, इकाई आदी) मा लैङ्गिकताका विषय हेर्ने गरी महाशाखा, शाखा, इकाई तथा कर्मचारीको व्यवस्था गरिएको छ। हाल अधिकांश विषयगत केन्द्रीयस्तरका निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्ति तोकिनुका साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आफ्नो नियमित कार्यक्रमको रूपमा लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता विकास, सकारात्मक सोच एवम् नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

## ३. आवश्यक पूर्वशर्त/पूर्वाधारः

- मन्त्रालयहरूमा नीति, योजना महाशाखा/शाखा प्रमुख तथा मातहतका कर्मचारी रहने लैङ्गिक इकाई गठन गरी संगठन तालिकामा नै समावेश गर्ने संगठनात्मक व्यवस्था गरिनुपर्ने। साथै अन्य निकायहरूको हकमा योजना तथा कार्यक्रम हेर्ने जिम्मेवार पदाधिकारीलाई लैङ्गिक विषयको पनि काम सुम्पने गरी संगठनात्मक व्यवस्था गरिनुपर्ने।
- हरेक निकायले वार्षिक विकास कार्यक्रम तर्जुमा, आयोजनाको विस्तृत प्रतिवेदन तयारी र प्रगति समीक्षा गर्दा लैङ्गिक सम्पर्क व्यक्तिको पृष्ठपोषण लिएको हुनुपर्ने।
- लैङ्गिक विषय हेर्ने शाखा/इकाईलाई आवश्यक भौतिक सुविधा, मानव संसाधन, कार्यक्रम र बजेटको सुनिश्चितता गरिनुपर्ने ।
- कर्मचारीको कार्यविवरणमा लैङ्गिक विषय समेत समावेश गरिनुपर्ने।
- कर्मचारीको कार्यशर्तलाई उनीहरूको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनुपर्ने।

## ४. उद्देश्य

लैङ्गिक सम्पर्क व्यक्तिहरू मार्फत सबै निकायहरूलाई लैङ्गिक मूलप्रवाहीकरणको प्रक्रियामा संवेदनशील तथा जिम्मेवार बनाउँदै लैङ्गिक समानता कायम गर्ने ।

## ५. कार्य क्षेत्रगत शर्त :

लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

**(१) प्रवर्द्धनात्मक/उत्प्रेरक कार्यहरू**

- आफू कार्यरत निकायहरूको नीति, योजना, ऐन, नियम तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयनलाई लैङ्गिकमैत्री बनाउन सहयोग गर्ने र उत्प्रेरकको भूमिका निर्वाह गर्ने ।
- आफू कार्यरत निकायहरूमा लैङ्गिक उत्तरदायी बजेटको हिस्सा बृद्धि गर्न पहल गर्ने र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने।
- आफू कार्यरत निकायमा लैङ्गिकमैत्री पूर्वाधार निर्माण गर्न, साधन र प्रविधिको प्रयोग विकास गर्न पहल गर्ने।
- आफू कार्यरत निकायमा लैङ्गिक हिंसा विरूद्धको आचारसंहिता बनाई लागू गर्ने र सोको कार्यान्वयनको अनुगमन गर्ने।
- आफू कार्यरत निकायमा लैङ्गिकताको आधारमा गरिने विभेदपूर्ण व्यवहार, अपमानजनक शव्द, भाषाहरू तथा संकेतहरूको प्रयोगलाई निरुत्साहित गर्ने।
- आफू कार्यरत निकायमा लैङ्गिक परीक्षण गर्ने तथा सो कार्यमा सहयोग र समन्वय गर्ने।
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ र सोको कार्यान्वयन कार्ययोजनाको कार्यान्वयनमा सहयोग पुर्‍याउने।
- महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ लगायत महिला तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/सम्झौताका विषयहरू कार्यान्वयन गर्ने व्यवस्था मिलाउने र सोको विवरण अद्यावधिक गर्ने।
- लैङ्गिक सवालमा नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू पालनाका लागि तयार भएका राष्ट्रिय कार्ययोजनाहरूको कार्यान्वयन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने।
- आफू कार्यरत निकायमा लैङ्गिक मैत्री वातावरण श्रृजना गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने।

**(२) गुनासो सुनुवाई सम्बन्धी कार्यहरू**

- आफू कार्यरत निकायमा लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।

- आफू कार्यरत निकायमा प्राप्त भएका अवसरहरू तथा सेवा सुविधाहरूको वितरणमा समानता कायम गर्न पहल गर्ने।
- लैङ्गिक न्यायका लागि कर्मचारीको गुनासो सुन्ने तथा यसको समाधानका लागि पहल गर्ने।
- लैङ्गिक हिंसा पीडितलाई कानूनी सहायता उपलब्ध गराउन आवश्यक सहयोग गर्ने।

### (३) अन्तरसम्बन्धित कार्यहरू

- लैङ्गिकमैत्री अवधारणाको आधारमा विपद् व्यवस्थापन तथा आकस्मिक सेवा व्यवस्थापन गर्न पहल गर्ने ।
- आफू कार्यरत निकायसँग सम्बन्धित सार्वजनिक सेवा लैङ्गिकमैत्री भए नभएको सम्बन्धमा सेवाग्राहीबाट समयसमयमा पृष्ठपोषण लिई सुधारका लागि नेतृत्वसमक्ष पेश गर्ने।
- आफ्नो समूदाय र परिवारमा लैङ्गिक आधारमा रहेको असमान जिम्मेवारी बाँडफाँडलाई असल अभ्यासहरूद्वारा समान बनाउन पहल गर्ने।
- आफू कार्यरत निकायको कार्यक्षेत्रसँग सम्बन्धित सार्वजनिक तथा निजी क्षेत्रको सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाउन प्रोत्साहन गर्ने।
- राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा मनाइने महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अल्पसंख्यक समुदायहरूसँग सम्बन्धित दिवस तथा कार्यक्रमहरूलाई आफू कार्यरत निकायहरूमा मनाउनका लागि आवश्यक समन्वय गर्ने।

### (४) अनुभव आदानप्रदान तथा ज्ञान सीप हस्तान्तरण सम्बन्धी कार्यहरू

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क विन्दुको भूमिका निर्वाह गर्ने।
- लैङ्गिक मूलप्रवाहीकरणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई आवश्यक राय सुझाव प्रदान गर्ने।
- लैङ्गिक विषयसँग सम्बन्धित बैठक, सेमिनार तथा छलफलमा सहभागी भई अनुभव आदानप्रदान गर्ने र असल अभ्यासहरूलाई आफू कार्यरत निकायमा आन्तरिकीकरण गर्ने।
- आफू कार्यरत निकायहरूमा लैङ्गिक अभिमूखीकरण (Gender Orientation) तथा वकालत (Advocacy) को लागि कार्यक्रमहरू संयोजन गर्ने।
- लैङ्गिक समानता, महिला सशक्तिकरण, बालबालिका तथा ज्येष्ठ नागरिकका क्षेत्रमा आफू कार्यरत निकायबाट सम्पादन भएका असल

अभ्यासहरूको प्रकाशन/प्रसारण गर्ने र सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा गर्ने।

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रमहरूमा सहभागी भई सक्रिय भूमिका निर्वाह गर्ने।

### (५) अनुगमन/सिफारिश/प्रतिवेदन सम्बन्धी कार्यहरू

- आफू कार्यरत निकायको बजेट तथा कार्यक्रम र उपलब्धि लैङ्गिक दृष्टिकोणबाट प्रभावकारी भए नभएको अनुगमन गर्ने ।
- आफ्नो निकायमा लैङ्गिक खण्डिकृत तथ्यांक (Gender Disaggregated Data) प्रणालीको विकास तथा अद्यावधिक गर्ने ।
- आफू कार्यरत निकायबाट सञ्चालित कार्यक्रम तथा क्रियाकलापको विवरण महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्ने।

## ६. अपेक्षित उपलब्धि

- सबै निकायमा लैङ्गिक मूलप्रवाहीकरण आत्मसात र सुदृढ भएको हुने ।
- सबै निकायमा लैङ्गिक विषयहरू प्राथमिकताका साथ कार्यान्वयन भएको हुने।
- सबै निकायमा नीति, ऐन, नियम, योजना तथा कार्यक्रम तर्जुमा तथा संशोधन गर्दा लैङ्गिक विषय सम्बोधन भएको हुने।
- लैङ्गिक परीक्षण पद्धति अभ्यासको विकास भएको हुने।
- लैङ्गिक सशक्तिकरण मापन सूचकमा सुधार भएको हुने।
- लैङ्गिक उत्तरदायी शासन प्रणाली संस्थागत भएको हुने।
- संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू एवं दिगो विकासका लक्ष्यहरू साथै अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयनमा सहयोग पुगेको हुने ।

## ७. प्रतिवेदनको ढाँचा

यस कार्यशर्त बमोजिम लैङ्गिक सम्पर्क व्यक्तिले आफू कार्यरत निकायबाट सम्पादन भएका कार्यहरूको विवरण सहितको प्रतिवेदन अनुसूची -१ बमोजिमको ढाँचामा आफू कार्यरत निकाय र अनुसूची-२ बमोजिमको ढाँचामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

## अनुसूची-१

### (क) आफू कार्यरत निकायमा पेश गर्ने प्रतिवेदनको ढाँचा

नेपाल सरकार

.........................मन्त्रालय/विभाग/ कार्यालय/आयोजना/इकाई

लैङ्गिक सम्पर्क इकाई तथा व्यक्तिबाट सम्पादित कार्यको प्रगति प्रतिवेदन

आ.व.

| सि.न. | सम्पादित क्रियाकलापहरू | उपलब्धिहरू | | प्रभाव | कैफियत |
|---|---|---|---|---|---|
| | | गुणात्मक | परिमाणात्मक | | |
| | | | | | |
| | | | | | |

प्रतिवेदन तयार गर्ने

नामः

पदः

मितिः

दस्तखतः

सुपरीवेक्षकको रायः

सुपरीवेक्षकको नामः

पदः

मितिः

दस्तखतः

## अनुसूची -२

### (ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

नेपाल सरकार

......................... मन्त्रालय/विभाग/ कार्यालय/आयोजना/इकाई

लैङ्गिक सम्पर्क इकाई तथा व्यक्तिबाट सम्पादित
कार्यको प्रगति प्रतिवेदन

आ.व.

| सि.न. | सम्पादित क्रियाकलापहरू | उपलब्धिहरू | | प्रभाव | कैफियत |
|---|---|---|---|---|---|
| | | गुणात्मक | परिमाणात्मक | | |
| | | | | | |
| | | | | | |

प्रतिवेदन तयार गर्ने

नामः

पदः

मितिः

दस्तखतः

प्रतिवेदन स्वीकृत गर्ने

नामः

पदः

मितिः

दस्तखतः


**नेपाल सरकार**

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, फोन नं. : ०१-४२००१६४,

ईमेल : info@mowcsc.gov.np वेव : www.mowcsc.gov.np